# मुस्ताङ्ग जिल्ला अदालत

जोमसोम, मुस्ताङ्ग

☎ ०६९-४४००९५
०६९-४४०४०८
फ्याक्सः ०६९-४४००९५
Email:infodcmustang@dcourt.gov.np

पत्र संख्याः ०७४/७५
च.नं.:

मितिः२०७५।०२।१०

## विषयः दण्ड जरिवानाको छुट सम्बन्धि जरुरि सूचना ।

## सूचना प्रकाशित मितिः २०७५।०२।१०

यस अदालत तथा अन्य अदालतका अन्तिम फैसलाले विभिन्न मुद्दामा लागेको यस अदालतमा कायम रहेको असूल हुन बाँकी दण्ड, जरिवाना सरकारी विगो अदिको बाँकी बक्यौता बुझाउन ल्याएमा केन्द्रिय लगत कट्टा समितिको मिति २०७५।०१।३१ को निर्णयानुसार सर्वोच्च अदालत नियमावली २०७४ को नियम १३५(१) प्रयोजनका लागी मूलूकी ऐन दण्ड सजायको महलको २४ नं. को अधिनमा रहि अदालतको अन्तिम फैसला बमोजिम कायम भएको कैद जरिवाना र सरकारी विगो समेत यो सूचना प्रकाशित भएको मितिले २०७५ साल श्रावण मसान्त भित्र बुझाउन आएमा देहाय बमोजिम छुट दिइ लगत कट्टा गरिने व्यहोरा सबैको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ ।

१) सूचना प्रकाशन भएको मितिले ५० बर्ष भन्दा अघिको अन्तिम फैसला बमोजिम लगतमा ७५ प्रतिशत।

२) सूचना प्रकाशन भएको मितिले ३० बर्ष भन्दा अघि ५० बर्ष सम्मको फैसला बमोजिमको लगतमा ५० प्रतिशत ।

३) सूचना प्रकाशन भएको मितिले २० बर्षभन्दा अघि ३० बर्ष सम्मको अन्तिम फैसला बमोजिमको लगतमा २५ प्रतिशत ।

शाखा अधिकृत